| पाठ्यचर्या फलाफल (Course Outcome), विषयः नेपाली, (२०१८-२०२३) | | |
|---|---|---|
| **सिबिसिएस प्रणालीअनुसार बिए नेपाली अनर्स प्रोग्राम पाठ्यचर्या** | | |
| **सत्र (Semester)** | **पत्र (Paper)** | **पाठ्यचर्या फलाफल (Course Outcome)** |
| **पहिलो सत्र, पाठ्यचर्याको विवरण अनि फलाफल** | | |
| पहिलो सत्र, अनर्स, मूल पाठ्यचर्या | CC1- नेपाली साहित्यको इतिहास | यस पाठ्यचर्या मार्फत विद्यार्थीहरूले नेपाली साहित्यको विकास सम्बन्धी जानकारी प्राप्त गर्नेछन्। साहित्यका विधागत रूपको जानकारीका साथै नेपाली कविता, गद्याख्यान (कथा, उपन्यास), निबन्ध, नाटक, समालोचनादिको विकासक्रमबारे जान्न सक्नेछन्। नेपाली साहित्यका विधागत विकासक्रमको जानकारीबाहेक यस पाठ्यचर्याले विद्यार्थीहरूलाई नेपाली पत्र-पत्रिकाको इतिहासका साथै केही प्रमुख पत्र-पत्रिकाहरूको अध्ययन, केही नेपाली संघ-संस्थानहरू र पुस्तकालयहरूको इतिहास र तिनीहरूको सामाजिक योगदान र महत्वबारे पनि अवगत गराउनेछ। |
| | CC2- नेपाली कविता | कविताका संरचनात्मक तत्त्वहरूको परिचय अनि नेपाली कविताका विविध रूप र प्रवृत्तिहरूको अध्ययन मार्फत विद्यार्थीहरू नेपाली काव्यिक साहित्यको स्थिति बुझ्न पनि सक्षम हुनेछन्। |
| पहिलो सत्र जेनेरिक इलेक्टिभ | GE 1A – नेपाली भाषाको परिचयात्मक अध्ययन | विद्यार्थीहरूलाई यस पाठ्यचर्याले भाषा र लिपिको अर्थ, परिभाषा, प्रकृति र विशेषताका साथै नेपाली भाषाको उत्पति, ऐतिहासिक विकासक्रम अनि नेपाली व्याकरणका विशेषताहरूबारे अवगत गराउनेछ। |
| | GE 1B - नेपाली साहित्यको परिचय | यसबाट विद्यार्थीहरूले नेपाली साहित्यको थालनीको छोटो विवरणका साथै नेपाली साहित्यका प्रमुख विधाहरूबारे जानकारी प्राप्त गर्नेछन्। |
| पहिलो सत्र प्रोग्राम कोर्स डिएससि | DSC1-नेपाली नाटक | यस पाठ्यचर्याले नाटक र नाटकीय तत्वहरूको सैद्धान्तिक परिचय, नेपाली नाटकको विकासको संक्षिप्त इतिहासका साथै नेपालीका प्रमुख नाटक र नाटककारहरूको परिचय प्राप्त गर्नसक्नेछन्। |
| पहिलो सत्र एलसिसि-१ | LCC1- नेपाली व्याकरण र रचना | विद्यार्थीहरूलाई यस पाठ्यचर्याले नेपाली व्याकरणको अर्थ, परिभाषाका साथै नेपाली भाषाका पर्यायवाची शब्द, अनेकार्थी शब्द, पारिभाषिक शब्दावलीको परिचय दिनेछ। यसका अतिरिक्त विद्यार्थीहरूले छन्द, अलङ्कारको परिचय अनि नेपालीमा प्रतिवेदन लेखन, नेपाली निबन्ध लेखनको परिचय र अभ्यासको कौशल पनि प्राप्त गर्नेछन्। |
| **दोस्रो सत्र, पाठ्यचर्या विवरण अनि फलाफल** | | |
| | | |
| दोस्रो सत्र, अनर्स, मूल पाठ्यचर्या | CC3- साहित्यका तत्वहरू | यस पाठ्यचर्याले विद्यार्थीहरूलाई विशेषगरी साहित्यको अर्थ, परिभाषाका साथै यसका मुख्यमुख्य तत्वहरूबारे बुझ्न सक्षम बनाउदछ। यसले पूर्वीय काव्य सिद्धान्तबारे जानकारी गराउँदै साहित्यका विविध विधाहरूको परिचय दिँदछ। |

| | | |
|---|---|---|
| | CC4-प्रमुख साहित्यिक सिद्धान्त र वादहरू | साहित्यमा प्रचलित प्रमुख पूर्वीय र पाश्चात्य सिद्धान्त र वादहरूबारे जान्न पनि यस पाठ्यचर्याले विद्यार्थीहरूलाई सहयोग गर्दछ। |
| दोस्रो सत्र<br>जेनेरिक इलेक्टिभ | GE 2A – नेपाली समाज र संस्कृति | यस पाठ्चर्याबाट विद्यार्थीहरूले समाज र संस्कृति विषयबारे सैद्धान्तिक परिचय प्राप्त गर्नेछन् साथै नेपाली समाज र संस्कृतिको स्वरूपबारे पनि सामान्य जानकारी पाउनेछन्।<br>नेपाली समाज र संस्कृतिका विशेषताहरूबारे अध्ययन गर्दै विद्यार्थीहरूले नेपाली खानपान, वेशभूषा, गरगहना, संस्कारसंस्कृति, हातहतियार, भाँडावर्तन आदिबारे जानकारी प्राप्त गर्नेछन्। नेपाली लोक साहित्य, लोकबाजागाजा, लोक कला र सङ्गीतबारे पनि जानकारी प्राप्त गर्नेछन्। |
| दोस्रो सत्र, प्रोग्राम कोर्स, डिएससि | DSC2 - नेपाली कविता | कविताका संरचनात्मक तत्वहरूको परिचय अनि नेपाली कविताका विविध रूप, प्रवृत्ति र कवि उनीहरूको कविताहरूको अध्ययन मार्फत विद्यार्थीहरू नेपाली साहित्यको स्थिति बुझ्न पनि सक्षम हुनेछन्। |
| दोस्रो सत्र, AECC2 | MIL2 - नेपाली भाषा व्याकरण र रचना | यस पाठ्यचर्बाट विद्यार्थीहरूले संसारका प्रमुख भाषा परिवारका परिचय, नेपाली भाषाका विशेषता अनि नेपाली व्याकरणका विविध पक्षहरूबारे जान्न सक्नेछन्। |
| **तेस्रो सत्र, पाठ्यचर्या विवरण अनि फलाफल** | | |
| तेस्रो सत्र, अनर्स, मूल पाठ्यचर्या | CC5 - सामान्य भाषाविज्ञान, | विद्यार्थीहरूलाई यस पाठ्यचर्याले भाषा र लिपिको अर्थ, परिभाषा, प्रकृति र विशेषताका साथै नेपाली भाषाको उत्पति, ऐतिहासिक विकासक्रम अनि नेपाली व्याकरणका विशेषताहरूबारे अवगत गराउनेछ। |
| | CC6 - नेपाली कथा,<br>CC7 - नेपाली उपन्यास | कथा र उपन्यास गद्याख्यानका संरचनात्मक तत्वहरूको परिचय अनि नेपाली कथा र उपन्यासका विविध रूप, प्रवृत्ति र कथाकार र उपन्यासकार अनि उनीहरूको रचनाहरूको अध्ययन मार्फत विद्यार्थीहरू नेपाली साहित्यको गद्याख्यानको स्थिति बुझ्न पनि सक्षम हुनेछन्। |
| तेस्रो सत्र, अनर्स र प्रोग्राम, SEC | SEC1A - रचना लेखन | यस पाठ्यचर्या मार्फत् विद्यार्थीहरूको लेखन कौशल विकाश भएर जानेछ। विशेषगरी विज्ञापन, सारांश, पत्र, निबन्ध, संवाद, रेडियो, साक्षात्कार अनि समाचार-प्रतिवेदन लेखन कौशल विकसित हुनेछ। |
| तेस्रो सत्र, प्रोग्राम, DSC | DSC3 – नेपाली कथा | कथाका संरचनात्मक तत्वहरूको परिचय अनि नेपाली कथाका विविध रूप, प्रवृत्ति र कथाकार उनीहरूको कथाहरूको अध्ययन मार्फत विद्यार्थीहरू नेपाली साहित्यको स्थिति बुझ्न पनि सक्षम हुनेछन्। |
| **चौथो सत्र, पाठ्यचर्या विवरण अनि फलाफल** | | |
| चौथो सत्र, अनर्स, मूल पाठ्यचर्या | CC8 – नेपाली निबन्ध<br>CC9 – नेपाली भाषाबिज्ञान | निबन्धका संरचनात्मक तत्वहरूको परिचय अनि नेपाली निबन्धका विविध रूप, प्रवृत्ति र निबन्धकार उनीहरूको निबन्धहरूको |

| | | |
|---|---|---|
| | CC10 – समकालीन नेपाली कविता | अध्ययन मार्फत विद्यार्थीहरू नेपाली साहित्यमा नेपाली विविध निबन्ध र निबन्धकारहरूको स्थिति बुझ्न पनि सक्षम हुनेछन्। यस पाठ्यचर्याले विद्यार्थीहरूलाई नेपाली भाषाका शब्द भण्डार, शब्द निर्माण प्रकिया, वर्ण विन्यास, वाक्य गठन विधिका साथै नेपाली भाषा आन्दोलनको इतिहास र यसको अन्तर्राष्ट्रीय विस्तारबारे सविस्तार जानकारी प्राप्त गर्नेछन्। |
| चौथो सत्र, अनर्स र प्रोग्राम, SEC | SEC2A – चलचित्र अध्ययन | आधुनिक युगमा प्रचलित र प्रसिद्धि प्राप्त गरेको चलचित्र विषयक जानकारी यस पाठ्यचर्याले विद्यार्थीहरूलाई उपलब्ध गराउँदछ। चलचित्रसित समबन्धित सैद्धान्तिक अनि प्राविधिक विषयहरूको परिचयात्मक अध्ययनबाट विद्यार्थीहरू धेरै नै लाभान्वित हुनेछन्। |
| चौथो सत्र, प्रोग्राम कोर्स, डिएससि | DSC4 – नेपाली उपन्यास | यस पाठ्यचर्या अन्तर्गत उपन्यासका संरचनात्मक तत्त्वहरूको परिचय अनि नेपाली उपन्यासका विविध रूप, प्रवृत्ति र उपन्यासकार उनीहरूको उपन्यासहरूको अध्ययन मार्फत विद्यार्थीहरू नेपाली साहित्यमा नेपाली उपन्यासकार र उपन्यासहरूको स्थिति बुझ्न पनि सक्षम हुनेछन्। |
| **पाछौं सत्र, पाठ्यचर्या विवरण अनि फलाफल** | | |
| पाचौँ सत्र, अनर्स, मूल पाठ्यचर्या | CC11 – नेपाली समालोचना<br>CC12 – नेपाली नाटक र एकाङ्की | समालोचना, नाटक अनि एकाङ्कीका संरचनात्मक तत्त्वहरूको परिचय अनि तिनीहरूका विविध रूप, प्रवृत्ति र रचनाकारहरूको अध्ययन मार्फत विद्यार्थीहरू नेपाली साहित्यमा तिनै विधाका स्थिति बुझ्न पनि सक्षम हुनेछन्। |
| पाचौँ सत्र, अनर्स, डिएसई | DSE 1A – नेपाली भाषा साहित्यमा चलेका प्रमुख आन्दोलन र वादहरू | नेपाली साहित्यको विकासक्रममा देखा परेका प्रमुख साहित्यिक आन्दोलर र वादहरूबारे विद्यार्थीहरूले जानकारी प्राप्त गर्नेछन्। |
| | DSE2A – नेपाली समाज र संस्कृति | नेपाली समाज र संस्कृतिका विशेषताहरूबारे अध्ययन गर्दै विद्यार्थीहरूले नेपाली खानपान, वेशभूषा, गरगहना, संस्कारसंस्कृति, हातहतियार, भाँडावर्तन आदिबारे जानकारी प्राप्त गर्नेछन्। नेपाली लोक साहित्य, लोकबाजागाजा, लोक कला र सङ्गीतबारे पनि जानकारी प्राप्त गर्नेछन्। |
| पाचौँ सत्र, प्रोग्राम डिएसई | DSE1A – नेपाली साहित्यिक पत्रकारिता | यस पाठ्यचर्याबाट विद्यार्थीहरूले साहित्यिक पत्रकारिताको अर्थ, प्रकृतिबारे जानकारी पाउनका साथै साहित्यिक पत्रकारिताको सर्वेक्षणबारे सूचना पनि प्राप्त गर्दछ। यसका अतिरिक्त केही प्रमुख नेपाली साहित्यिक पत्र-पत्रिकाको परिचय अनि समाजमा ती पत्र-पत्रिकहरूको योगदान र महत्त्वबारे अवगत गराउँदछ। |
| छैठौं सत्र, अनर्स, मूल पाठ्यचर्या | CC13 – नपाली प्रबन्ध काव्य | प्रबन्ध साहित्यको अर्थ, परिभाषा र प्रकारबारे अवगत हउदा विद्यार्थीहरूले यस पाठ्यचर्याबाट नेपाली प्रबन्ध काव्यको विकास परम्पराबारे जानकारी प्राप्त गर्दछ। यसका अतिरिक्त महाकाव्य र खण्डकाव्यको सैद्धान्तिक परिचय प्राप्त गर्नका साथै विद्यार्थीहरूमा नेपाली महाकाव्य र खण्डकाव्यको साहित्यिक मूल्याङ्कन गर्ने क्षमताको विकास गराउँदछ। |
| | CC14 – नेपाली लोक साहित्य | यस पाठ्यचर्याले विद्यार्थीहरूमा लोक, लोकवार्ता, लोकसाहित्य |

| | | |
|---|---|---|
| | | अनि यिनका स्वरूप, प्रकार, विशेषताहरूको ज्ञान जागृत हुँदछ। नेपाली लोक जीवन र लोक संस्कृति, नेपाली लोकवार्ता र लोक साहित्यबारे पनि विद्यार्थीहरू यसबाट जानकार हुनेछन्। |
| छैठौँ सत्र, अनर्स, DSE | DSE3B – नेपाली समालोचनाका समकालीन आधारहरू | यस पाठ्यचर्याबाट विद्यार्थीहरू विश्व साहित्यमा प्रचलित समालोचना सिद्धान्तबारे अवगत हुनेछन्। साहित्य क्षेत्रमा प्रचलित उत्तरआधुनिकतावाद, उत्तरउपनिवेशवाद, नारीवाद, संरचनाबाद, विनिर्माणवाद, परिवेश विमर्शबारे परिचय पाउनेछन्। यिनै सिद्धान्तका आधारमा उनीहरूले कृति विश्लेषण गर्ने आधार पनि प्राप्त गर्नेछन्। |
| | DSE4B - नेपाली अनुवाद साहित्य | विद्यार्थीहरूले यसबाट अवुवादको अर्थ, परिभाषा, प्रयोजन, महत्त्व, प्रकारबारे जानकारी प्राप्त गर्दछ साथै अनुवाद प्रकिया अनि नेपाली अनुवाद साहित्यको परम्पराबारे पनि जान्न पाउँदछ। |